पालुङको दशै घर सुनसान, वडा कार्यालय खँचाखँच । पृष्ठ ५ मा

विकास खबरपत्रिका
राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१७, अंक-१३ ● २०८१ असोज २८ गते सोमबार, ● 14 October, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# चार गाउँको दशै अर्को महिना



परम्परा अनुसार चित्लाङको गोपालीको बसोबास रहेको न्हुँलगाँउ र टौखेल तथा गमालको बसोबास रहेको कलाँटु र तल्लो बिसिङ्खेलबासीले अब दशै ४ कार्तिकमा मनाउने भएका छन् ।

विकास संवाददाता

थाहानगर

मकवानपुर थाहा नगरपालिका चित्लाङका चार गाँउका गोपाली तथा गमाल समुहदायले यसवर्षको दशै एकसातापछि सारेका छन् । ऐतिहासिक जातीका रूपमा रहेका गोपाली र गमालहरूले परम्परागत चम्पाकेश्वर महादेवको जात्रा लाग्ने दिन कार्तिक संक्रान्तिभन्दा अघि दशै परेकोले महान पर्व दशै पछि सारेका हुन् । उनीहरूले आगामी कात्तिक १ गते जात्रा मनाइसकेपछि ४ कात्तिकमा दशैको टीका लदगाउने कर्ण गोपालीले जानकारी दिए ।

कार्तिक संक्रान्तिदेखि वरको छैठौं दिन महानवमी परेकोले दशै पछि सरेको स्थानीय अक्षय गोपालीले जानकारी दिए । आठ दिनअघि गोपाली समुदायको परम्परागत जात्राका लागि 'आँग' अर्थात प्रसादका लागि जाँड राख्ने दिन हो । 'कार्तिक संक्रान्तिको आठ दिन अघि महानवमी नपरेको भए दशैं माथ्यौं'-जात्राका गुरू श्याम बहादुर गोपालीले बताए ।

यसपाली अब चित्लाङको गोपालीको बसोबास रहेको न्हुँलगाँउ र टौखेल तथा गमालको बसोबास रहेको कलाँटु र तल्लो बिसिङ्खेलबासीले दशै सारेको चम्पाकेश्वर क्षेत्र विकास समितिका सचिव कर्ण गोपालीले जानकारी दिए । कार्तिक संक्रान्तीका दिन गोपाली समुदायका गुठीयारहरूले 'आँग' अर्थात चार घेम्पो जाँड ल्याउने प्रचलन छ । कीरा परिसकेको उक्त जाँड र 'कक बजी' अर्थात एक पटक मात्र कुटेको चिउरा प्रसादको रूपमा खाने गरिन्छ । उक्त प्रसाद खाएमा पेटका रोग निर्मुल हुने जनविश्वास छ ।

## यस्तो छ, किम्बदन्ती

धार्मीक ग्रन्थ रामायणको पात्र वाणासुरको कथासंग चम्पाकेश्वर महादेवको उत्पत्तिको प्रसंग जोडिएकोले चम्पाकेश्वर महादेवको उत्पत्ति आदि कालमै भएको दाबी छ । गोपाली जातीको बहुल्यता रहेको यो क्षेत्रमा नाच र जात्रा चलाउन गुठीको ब्यवस्था गरीएको छ । यस भेगमा पानी नपरेमा पानी माग्न र गाईवस्तुको रक्षाको लागि चम्पाकेश्वर महादेवलाई पुज्ने बताइन्छ । यस मन्दिरमा पुर्ख्यौंली घर पाटन रहेका राजोपाध्याय खलकका पुजारी छन् । प्रत्येक वर्ष जात्रामा विशेष पुजाका लागि महादेवलाई जाँड र एकैपटक कुटीएको चिउरा चढाउनु पर्छ । जसलाई स्थानिय वासिन्दा कक: बजी भन्दछन् ।

सोही दिन बेलुकी काठको लठी ठोकाठोक गरेर टाउकोमा पगरी र पगरीभरि फूल सिउरेर स्थानीय गोपालीहरूले घरबुना खेसका कपडा लगाएर नाच देखाउने चलन रहेको छ । उक्त नाचलाई स्थानिय भाषामा 'ट्वाक प्याखँ' भनिन्छ ।

स्थानीय गोपालवंशी ग्वालाहरूको अत्यन्त श्रद्धाको पर्व चम्पाकेश्वर मेलामा विभिन्न गुठीयारहरूले चार घेम्पो जाँड ल्याउने प्रचलन छ । कीरा परिसकेको

बाँकी पेज ६ मा

# थाहानगरबाट ३ दिनमा २ वटा किङ कोब्राको उद्धार

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाबाट अत्ति विषालु किङ कोब्रा सर्पको उद्धार गरिएको छ । थाहा नगरपालिका वडा नम्बर ४ स्थित करूणाभूमि सामुदायिक वनको कुलो भन्ज्याङ क्षेत्रमा २० असोजमा उक्त सर्प देखा परेपछि करूणाभूमि सामुदायिक वनका अध्यक्ष बिनोद लामाले डिभिजन बन कार्यालय राप्ती मनहरीमा खबर गरेका थिए ।

डिभिजन वन कार्यालयबाट २१ असोजमा सशस्त्र वन रक्षक कमाण्डर मधुसुदन देवकोटाको नेतृत्वमा आएको टोलीले सर्पको उद्धार गरेका हुन् । उद्धार गरिएको सर्पलाई २१ असोसमा चितवन राष्ट्रिय निकुञ्जमा छोडिएको कमाण्डर देवकोटाले जानकारी दिए । 'उद्धारका बखत त्यत्ती चलाख थिएन, जब तलतल गर्मीमा आयौं, चलाख भएर सर्पले जाली नै टोक्न थाल्यो'-देवकोटाले भने-'हामीले उद्धार गरेको सर्प शतप्रतिशत किङ कोब्रा हो, यो अति विषालु हुन्छ ।' तराईबाट पराल लैजाँदा त्यसमै लुटपुट्टिएर सर्पहरू थाहानगर क्षेत्रमा पुगेको हुनसक्ने देवकोटाको भनाइ छ । उनका अनुसार-'ठूला खानेपानी पाइप र विजुलीको पोलको भित्र बसेका सानो बच्चा ढुवानीका क्रममा पनि पुगेको हुनसक्छ ।' उद्धार गरिएको सर्प बयस्क अवस्थाको भएको देवकोटाले बताए । सर्प उद्धार टिममा विरसिंङ बोहरा, हरेराम धमला, ज्ञानकुमार श्रेष्ठलगायत रहेका थिए ।

यसअघि पनि थाहानगरको कुन्छालबाट १९ असोजमा किङ कोब्रा उद्धार गरी चितवन राष्ट्रिय निकुञ्जमा छोडिएको थियो । कुन्छालमा स्थानीय शिवहरि वर्तौलाले किङ कोब्राको उद्धार गरेका थिए । पछिल्लो समय थाहानगरका विभिन्न क्षेत्रमा तपाईमा पाइने विषालु सर्पहरू देखा पर्न थालेको करूणाभूमि सामुदायिक वनका अध्यक्ष लामाले बताए । नगर क्षेत्रमा भेटिएका अधिकांश सर्पहरू किङ कोब्रा भएको लामाले सुनाए ।



'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'

थाहा नगरपालिका

थाहा नगरपालिकाको जरुरी सूचना !

यस थाहा नगरपालिका क्षेत्रका नदी तथा खोलामा रहेका जलचर संरक्षण विभिन्न कार्य गर्दै आएकोमा केही व्यक्तिहरूले करेन्ट तथा अन्य निषेधित केमिकल प्रयोग गरी लुकीछिपी रूपमा माछा मार्ने लगायतको कार्य गर्दै आएको भन्ने जानकारी प्राप्त भएको हुँदा त्यस्तो कार्य गर्न गर्नेलाई बागमती प्रदेश सरकारले जारी गरेको प्रदेशस्तरमा जलचर संरक्षण र व्यवस्थापन गर्न बनेको ऐन, २०७६ अनुसार जलचर समात्ने तथा मार्ने कार्य गरिएको पाइएमा ५० हजार रूपियाँसम्म जरिवाना, जलचर संरक्षण ऐन, २०५५ (संशोधन) अनुसार ६ महिनासम्म कैद वा पाँच हजार रूपियाँसम्म जरिवाना तथा थाहा नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धी ऐन, २०७६ अनुसार पहिलो पटकका लागि ५ हजार नगद तथा पटके भएमा थप कारबाही गर्ने कानूनी व्यवस्था रहेको हुँदा जलचर मार्ने वा समात्ने कार्य नगर्नु नगराउनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।



खानाको स्वच्छताको लागि ध्यान दिनुपर्ने कुराहरु




थाहा नगरपालिका
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगर खानेपानी व्यवस्थापन बोर्ड २०७६

जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## ओझेलमा मानसिक स्वास्थ्य

हामी जहाँ जाऔं, त्यहाँ हरेकले तनाव छ भनेको सुन्छौं । चाहे पारिवारिक विषय होस् या पेशागत, उद्योग व्यवसाय गर्नेहरु होउन् या व्यापार गर्नेहरु, उनीहरुमध्ये धेरैजसोका मुख मुखमा तनाव छ भनेको सुनिन्छ । उनीहरुका कुरा वास्तविकताको नजिक पनि देखिन्छ । अनुसन्धानहरुले हरेक चार जनामध्ये एकजना कुनै न कुनै किसिमको मानसिक समस्याबाट प्रभावित हुन्छन् भन्ने औंल्याउने गरेको देखिन्छ । यो क्रम घट्दो नभई बढ्दो रुपमा छ । वर्षेनि बढिरहेको आत्महत्याको तथ्यांकले पनि त्यतैतर्फ इंगित गर्छन् । नेपालमा कुल नसर्ने रोगहरूको समस्यामध्ये १८ प्रतिशत मानसिक रोगले ओगटेको छ । अपाङ्गता गराउने प्रमुख १० कारकहरूमध्ये चारवटा मानसिक स्वास्थ्य समस्या नै पर्दछन् । राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण २०७७ अनुसार नेपालमा १३ देखि १७ वर्षका ५.२ प्रतिशत किशोरकिशोरीहरूमा मानसिक स्वास्थ्य समस्या देखिएको छ । जसमा २.८ प्रतिशतमा चिन्ताजन्य समस्या, ०.६ प्रतिशतमा डिप्रेसनको समस्या पाइएको छ र ३.९ प्रतिशतमा आत्महत्यासम्बन्धी सोच पाइएको छ । १८ वर्षमाथिका व्यक्तिहरूमा १० प्रतिशतमा मानसिक स्वास्थ्य समस्या देखिएको छ । जसमा ३ प्रतिशतमा चिन्ताजन्य समस्या, २.९ प्रतिशतमा डिप्रेसन, ०.२ प्रतिशतमा साइकोसिस र ७.२ प्रतिशतमा आत्महत्यासम्बन्धी सोचको अवस्था देखिएको छ । समाजमा भइरहेका घटनाहरु आत्महत्या, हत्या, हिंसा, कुटपिट, पारिवारिक भै भगडा, धम्की, पारिवारिक बिखण्डन जस्ता समस्याहरु दिनानुदिन बढ्दै गएको देख्दा पनि ब्यक्तिसँगै सिंगो समाज सर्वाङ्गिण हिसाबले स्वस्थ छैन भन्ने नै देखिन्छ ।

समस्याहरु कम गर्नका लागि मनोसामाजिक सहयोगबाट प्रभावित व्यक्तिलाई सशक्त बनाउनका लागि व्यक्तिको विभिन्न पक्षमा ध्यान पुऱ्याउन आवश्यक छ । एउटा व्यक्तिलाई सशक्त बनाउन स्वयं व्यक्तिको आत्मवलमा विकास, उसको घरपरिवारसँगको सम्बन्धमा विकास र सामाजिक संरचनासँगको पनि अवस्था विश्लेषण गरेर विभिन्न समूहमा आबद्धता गराई हरेक क्षेत्रमा (घरदेखि टोल, समाजसम्म) अर्थपूर्ण सहभागिता हुने गरी र भविष्यमा फेरि समस्या पर्न गएमा व्यक्ति स्वयंले आफ्नो जीवनमा आइपरेका कठिनाइलाई सजिलै सामना गर्न सकोस् भन्नका लागि पनि मनोसामाजिक सहयोगको आवश्यकता पर्दछ । नेपालको संविधानले स्वास्थ्यसम्बन्धी हक अन्तर्गत प्रत्येक नागरिकलाई राज्यबँट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र स्वास्थ्य सेवामा समान पहुँच हुने हकको व्यवस्था गरेको छ । त्यस्तै जनस्वास्थ्य सेवा ऐन २०७५ मा मानसिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको सूचीमा राखेको छ । जनस्वास्थ्य नियमावली २०७७ मा मानसिक स्वास्थ्य समस्याहरुलाई आधारभूत र आकस्मिक स्वास्थ्य समस्यामा समावेश गर्दै संघ, प्रदेश र स्थानीयस्तरबाट यो सेवा उपलब्ध गराउने व्यवस्था गरेको छ ।

मनोसामाजिक समस्याहरुलाई न्युनीकरण गर्न समाजका हरेक ब्यक्ति घर, समाज, सार्वजनिक स्थानदेखि कार्यालयसम्म ब्यक्तिको मनोभावनाको साथै मानसिक स्वास्थ्य समस्याबारे बुझ्न आवश्यक छ । समस्याको उपचारबारे, मनोसामाजिक सहयोगबारे जानकार हुनु पर्ने देखिन्छ । यसको लागि तीनवटै तह स्थानीय, प्रदेशको साथै संघले आफ्ना वार्षिक कार्ययोजनामा मानसिक स्वास्थ्य प्रबर्द्धन सम्बन्धी बिभिन्न कार्यक्रमहरु राखी स्वास्थ्य प्रबर्द्धनमा सहयोग गर्न आवश्यक देखिन्छ । मानसिक समस्या, मानसिक स्वास्थ्यको सवाल ब्यक्तिगत नभई सामाजिक सवाल हो भन्ने बुझी न्यूनीकरणको लागि हामी सबैले हातेमालो गर्नु आवश्यक छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# चाडपर्वमा उपभोक्ता अधिकारका सवाल

◆ प्रकाश अजात

केही दिनपहिले अविरल वर्षाका कारण मुलुकका विभिन्न स्थानमा ठूलो जनधनको क्षति हुन पुग्यो । कतिको घर बगायो, कतिले आफन्त गुमाए । त्यस बेला पूरै देश शोकमग्न बन्न पुगेको थियो । लगातारको वर्षाले बाढीपहिरो जाँदा मुलुकका सबैजसो राजमार्ग अवरूद्ध बन्न पुगेका थिए । यही मौकामा केही हवाई यातायात कम्पनीहरूले हवाई भाडा दुई गुणाभन्दा बढीले वृद्धिसमेत गरे । अति आवश्यक परेकाहरू यही भाडामा यात्रा गर्न बाध्य भएका थिए ।

पछि चौतर्फी विरोध भएपछि हवाई यातायात कम्पनीहरू केही पछि हटे पनि अझै हवाई भाडा अन्य समयको तुलनामा महँगो नै छ । विशेष गरी, अहिले चाडपर्वको समय भएकाले समेत भाडा महँगिएको धेरैको बुझाइ छ । यो एउटा सानो उदाहरण मात्र हो । हरेक वर्ष ठूला चाडपर्वका समयमा बजारमा महँगीले उचाइ छोएको हुन्छ । यतिबेला उपभोक्ता अधिकारका विषयलाई सरोकारवाला सबैले बेवास्ता गरेको देखिन्छ ।

नेपालीहरूको घरदैलोमा दसैँ, तिहार, छठपर्वलगायतका ठूला चाडपर्वहरू प्रवेश गर्ने क्रममा छन् । योसँगै बजारमा चहलपहलसमेत बढ्दै गएको देखिन्छ । तथापि, उपभोक्ताले बजारमा किनमेल गर्दा अन्य समयको भन्दा फरक अनुभव गर्ने गरेका छन् । दैनिक उपभोग हुने खाद्यवस्तुदेखि लत्ताकपडाको अस्वाभाविक मूल्यवृद्धिका कारण उनीहरू मर्कामा परेको गुनासो गर्दै आएका छन् । यसैगरी लामो दूरीमा यात्रा गर्ने यात्रुले समेत अन्य समयको तुलनामा बढी भाडा तिर्नुपरेको बताएका छन् ।

यस समयमा सरकारले घोषणा गरेबमोजिम विद्यार्थी एवम् ज्येष्ठ नागरिकले पाउने सुविधासमेत अधिकांश यातायात व्यवसायीहरूले कटौती गरेको देखिन्छ । यता सरकार भने यस विषयमा मौन रहेको देखिन्छ । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कारणले बजार मूल्य दिनप्रतिदिन बढेको अवस्था छ । यसैगरी जिम्मेवार निकायबाट गरिने अनुगमनसमेत प्रभावकारी बन्न नसक्दा चाडपर्वका बेला कालोबजारी मौलाउँदै गएको धेरैको बुझाइ छ । चाडपर्वका बेला उपभोक्ताहरूले बढी मूल्य तिरेर कमसल वस्तु खरिद गर्न बाध्य भएका छन् । मुलुकमा उपभोक्ताको हक–अधिकारको संरक्षण गर्ने उद्देश्यले विभिन्न नीति, नियम तथा कानुनको व्यवस्था गरिएको भए पनि चाडपर्वका बेला यी नियम निष्क्रिय बनेको आरोप लाग्ने गरेको छ ।

नेपाली बजारमा पाइने अधिकांश वस्तु आयातित छन् । विशेष गरी खाद्यान्नको आयात छिमेकी मुलुक भारतबाट बढी हुने गर्छ । चाडपर्वका बेला बढी प्रयोग हुने गहुँ, चामल, मैदा, चिनी, आलु, प्याज, दालजस्ता खाद्य वस्तुको निर्यातमा पछिल्लो समय भारतले कडाइ गर्नुका साथै यस्ता वस्तुमा लाग्ने करका दर समेत वृद्धि गरिएको छ । यता आन्तरिक बजारमा समेत यस्ता वस्तुको निर्यात सीमित व्यक्तिले गर्ने हुँदा बजार मूल्य उनीहरूको इच्छाअनुसार घटबढ हुने गरेको छ ।

चाडपर्वका बेला यस्ता वस्तुको माग बढी भएको मौका छोपी मूल्य वृद्धि गर्ने गरेको देखिन्छ । यसको गतिलो उदाहरण अहिले बजारमा चिनीको मूल्य वृद्धिलाई लिन सकिन्छ । केही समयअघिसम्म ९० रूपैयाँ प्रतिकिलो किन्दै आएको चिनी अहिले बजारमा १ सय २० रूपैयाँभन्दा बढी मूल्यमा बिक्री हुँदै आएको देखिन्छ । चिनीमा मात्र नभई तेल, मसला, चामल, गहुँ, आलु, प्याजजस्ता खाद्य वस्तुमा समेत सीमित व्यापारीहरूको सिन्डिकेट चलिरहेको अवस्था छ । यसै कारण बजारमा यी वस्तुको मूल्य रातारात अप्रत्याशित रूपमा बढेको छ । यसैकारण आमउपभोक्ता चाडपर्वको समयमा महँगीको मारमा परेका छन् ।

सरकारले ठूला चाडपर्वलाई लक्षित गर्दै हरेक वर्ष सञ्चालन गर्दै आएको सहुलियत पसल यस वर्ष पनि सञ्चालनमा ल्याएको छ । आमउपभोक्तालाई सहज र सुलभ मूल्यमा गुणस्तरीय वस्तु उपलब्ध गराउने उद्देश्यले गत असोज ३ गतेबाट उपत्यकाका विभिन्न स्थानबाट सुरू भई अहिले ४२ जिल्लाका ६१ ठाउँमा यस्ता सहुलियत पसल सञ्चालनमा आएको छ । खाद्य, व्यवस्था तथा व्यापार कम्पनीले दसैं, तिहार तथा छठलाई लक्षित गरी यस्ता पसल सञ्चालनमा ल्याएको जनाएको छ । सहुलियत पसलमा कम्पनीले खरिद गरेका खाद्य वस्तुका साथै दुग्ध विकास संस्थानले उत्पादन गरेको घ्यू र साल्ट ट्रेडिङ्ले बिक्री–वितरण गर्दै आएको नुन पनि सहुलियत मूल्यमा राखिएको छ । यस्ता पसलमा चामल, दाल, नुन, तेल, चिनी, चियापत्ती, घ्यू, जिरा, चिउरा, पीठोलगायतका २८ प्रकारका खाद्य वस्तु बिक्रीमा राखिएको जनाइएको छ ।

यसले समेत उपभोक्ताको समस्यालाई सम्बोधन गर्न नसकेको देखिन्छ । यस्ता पसलमा सीमित वस्तु मात्र पाइने भएकाले उपभोक्ताले अपेक्षित लाभ लिन नसकिरहेको गुनासो सुनिएको छ । यसैगरी सबैजसो सहुलियत पसल बजार केन्द्रित मात्र भएकाले ग्रामीण तथा दूर दराजका जनताका लागि यो 'आकाशको फल आखा तरी मर' भनेजस्तै भएको छ । करिब ३ करोड नेपालीका लागि सरकारले सञ्चालनमा ल्याएको ६१ ठाउँका सहुलियत पसल हात्तीको मुखमा जिरासमान देखिएको छ ।

नेपालको आन्तरिक बजारमा अनियन्त्रित र अस्वाभाविक मूल्य वृद्धि हुनुको मुख्य कारण अप्रभावकारी सरकारी अनुगमन, कालोबजारी र उद्योगीहरूले अपनाएको अदृश्य सिन्डिकेट प्रणालीलाई लिन सकिन्छ । चाडपर्वका बेला केही स्थानमा सरकारी अनुगमन टोली सक्रिय देखिए पनि त्यो पर्याप्त देखिँदैन । चुस्त एवम् पारदर्शी रूपमा सरकारी अनुगमन हुन नसक्दा कालोबजारी तथा सिन्डिकेट गर्नेहरूलाई कारबाहीको दायरामा ल्याउन सकिएको देखिँदैन । यसले गर्दा बजारमा बेथिति मौलाउने वातावरण बनिरहेको देखिन्छ ।

बजारमा अनियमितता गर्ने व्यापारीलाई कारबाही गर्न बनेको कानुनसमेत फितलो हुँदा यसको नियन्त्रणमा बाधा पुगेको सरोकारवालाहरूको भनाइ छ । कानुनविपरीत व्यावसायिक क्रियाकलाप गर्ने व्यवसायीलाई ठूलो सजाय गर्ने कानुन नभएकाले उनीहरू ठूलो अपराध गर्न प्रेरित देखिन्छन् । जति ठूलो अपराध गरे पनि सामान्य सजाय हुने भएकाले बजार नियन्त्रणमा अहिलेको कानुन प्रभावकारी बन्न नसकेको देखिएको छ । मुलुकमा समयसापेक्ष कानुन बन्न नसक्दा आम उपभोक्ता आफ्नो अधिकार प्राप्त गर्नसमेत वञ्चित हुनुपरेको अवस्था छ ।

नेपालमा उपभोक्ता अधिकार थुप्रै ऐन तथा कानुन बनेका छन् । यसको इतिहास हेर्ने हो भने मल्लकालीन राजा जयस्थिति मल्लको समयमा मानापाथीको सुरूवात गरेर एउटै मापन प्रणालीको विकास गरेको देखिन्छ । यसबाट उपभोक्ताहरू केही हदसम्म मापन प्रणालीमा हुन सक्ने अनियमितताको सम्भावनाबाट जोगिन पुगेका थिए । ऐनको रूपमा पहिलो पटक उपभोक्ता संरक्षण ऐन, २०५४ बनेको थियो । यसपछि २०५६ मा नियमावली बनाएर कार्यान्वयन अघि बढाएको देखिन्छ ।

वर्तमान संविधान २०७२ को धारा ४४ (१) मा उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ र भाग २ मा गुणस्तरहीन वस्तु तथा सेवाले आघात पुगेको खण्डमा क्षतिपूर्तिको व्यवस्था हुनेछ भनेर उल्लेख गरिएको छ । यो मौलिक हक कार्यान्वयन गर्नका लागि उपभोक्ता संरक्षण ऐन, २०७५ समेत बनेको छ । यो ऐन परिच्छेद–२ को उपभोक्ता संरक्षणसम्बन्धी व्यवस्थाअन्तर्गत उपभोक्ताको अधिकारमा जम्मा नौवटा अधिकार सूचीकृत गरिएको छ । उपभोक्तालाई वस्तु वा सेवामा सहज पहुँच, वस्तु वा सेवाको प्रयोगबाट भएको हानि, नोक्सानीविरूद्ध क्षतिपूर्ति, स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवाको छनोट, मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदिबारे सूचित हुने जस्ता अधिकारहरू यसमा समावेश गरिएका छन् । उपभोक्ताको हक र अधिकारको संरक्षण गर्ने उद्देश्यले बनेका ऐन तथा कानुनहरूको कार्यान्वयन पक्ष फितलो हुँदा आम उपभोक्ता लाभाम्वित हुन सकिरहेको अवस्था छैन ।

उपभोक्ताका जतिसुकै अधिकार कानुनमा व्यवस्था गरिए पनि यी अधिकार प्राप्त गर्न उपभोक्ता आफैं चनाखो हुनुपर्ने देखिन्छ । कुनै पनि वस्तु तथा सेवा खरिद गरी त्यसको गुण र दोष पहिल्याउने अधिकार स्वयम् उपभोक्तासँग हुन्छ । यसको उचित लेखाजोखा गरी आफ्नो अधिकारका लागि उपभोक्ता नै अगाडि बढ्नुपर्ने देखिन्छ । अन्य समयमा जस्तै चाडपर्वका बेलासमेत वस्तु तथा सेवा खरिद गर्दा उत्पादन र म्याद सकिने मिति, नाप, तौल, गुणस्तर, उत्पादकको लेखाजोखाका साथसाथै आफूले प्राप्त गर्नुपर्ने बिलबिजकसमेत संकलन गर्नु उपभोक्ताको कर्तव्य हो । बजार मूल्य किन र कसरी वृद्धि भएको छ भन्नेबारे लेखाजोखा गरेर मात्र वस्तु तथा सेवा खरिदको अन्तिम टुंगो लगाउनुपर्ने आवश्यकता छ । बजारमा अनियमितता पाइएको खण्डमा आवश्यकताअनुसार कानुनी उपचारसमेत खोज्न सक्नु एउटा सचेत उपभोक्ताको कर्तव्य हो । यसबाट आगामी दिनमा विक्रेतालाई समेत जिम्मेवार बन्न बाध्य बनाउँछ ।

उपभोक्ता हकसँग सम्बन्धित जिम्मेवार निकायहरूले परिणाममुखी कार्ययोजना तयार गरी बजार अनुगमनदेखि वस्तु तथा सेवाको गुणस्तरको मापनमा उचित ध्यान दिनु जरूरी देखिन्छ । समयको मागसँगै भौतिक रूपमा उपस्थित हुने उपभोक्तादेखि डिजिटल उपभोक्ताको हक–अधिकार समेट्ने गरी उपभोक्ता अधिकार सँग सम्बन्धित ऐन, कानुनमा परिमार्जन

*बाँकी पेज ३ मा*

# किशोर-किशोरी सशक्तीकरणको लागि डिजिटल पद्धति

राष्ट्रिय जनगणना २०21 को तथ्यांक अनुसार नेपालको जनसंख्याको २० प्रतिशत १०-१९ वर्षका किशोर किशोरीहरूको जनसंख्या रहेको छ। यो जनसंख्या अरू कुनैपनि समूहको जनसंख्याको दाँजोमा सबैभन्दा ठुलो समुह हो। किशोरावस्थामा धेरै खालका शारिरिक, मानसिक तथा सामाजिक समस्याहरू आउन सक्छन्। छिटो बिवाह हुने, छिटो बच्चा जन्माउने, बिचैमा



विद्यालय छाड्ने, अनिच्छित गर्भधारण हुने नेपालको किशोर किशारीहरूको मुख्य समस्याहरू हुन्। किशोर किशोरीहरूमा आउन सक्ने समस्याहरू तथा बाधाहरूलाई समाधान गर्दै सहज तरिकाबाट किशोरावस्थाबाट वयस्कमा असल ब्यक्तिको रूपमा प्रवेश गराउन ब्यक्ति, परिवार तथा समाज सबैको महत्वपुर्ण भुमिका हुन्छ।

किशोरकिशोरीको झन्डै एक चौथाई जनसंख्या रहेको हाम्रो देशमा उनीहरूको वृद्धि र विकासलाई सहयोग गर्ने लक्षित क्रियाकलाप पहिलेको भन्दा अत्यन्तै आवश्यक भएको छ। यसलाई ध्यानमा र ाख्दै, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोगको आर्थिक सहयोगमा केयर नेपालको अगुवाइ र हावर्ड डेलाफिल्ड इन्टरनेशनल, नेपाल युवा संस्था संजाल, जपाइगो र नेपाल सीआरएस कम्पनीको संयुक्त साझेदारीमा रहेको युएसएआइडी एडोलेसेन्ट रिप्रडक्टिभ हेल्थ सन् २०२२ देखि ५ बर्षको लागि सञ्चालन भइरहेको छ। यो परियोजनाको मुख्य लक्ष्य किशोरकिशोरीहरूलाई प्रजनन् स्वास्थ्यको बारेमा निर्णय लिने सिप बिकासको लागि सही र उपयुक्त जानकारी तथा मार्गदर्शन गर्दै, उनीहरूमा प्रजनन् स्वास्थ्य सम्बन्धि विषयमा स्वस्थ निर्णय गर्न र त्यसलाई व्यवहारमा लागु गर्नको लागि घरपरिवार तथा समुदायमा उपयुक्त वातावरण तयार गराउँदै उनीहरूको पूर्ण क्षमताको विकास गराउनमा सहयोग पुऱ्याउनु रहेको छ। यो परियोजना मधेश, लुम्बिनी, र कर्णाली प्रदेशका ११ जिल्लाका ६० गाउँ तथा नगरपालिकाहरूमा परिवार योजना र प्रजनन स्वास्थ्य सम्बन्धी स्वस्थ व्यवहारको प्रवर्द्धन गर्दै किशोर किशोरीलाई सशक्त बनाउन केन्द्रित छ।

यो परियोजना किशोरकिशोरीलाई उनीहरूको पूर्ण क्षमता हासिल गर्न र सार्वजनिक स्वास्थ प्रणाली तथा निजी स्वास्थ संस्थाहरूलाई सुदृढ गर्नको लागि प्रजनन स्वास्थ्यसम्बन्धी सक्षम वातावरण सिर्जना गर्न निम्न उद्येश्यहरुमा केन्द्रित रहेको छ:

- किशोरकिशोरीहरूलाई परिवार योजना र प्रजनन् स्वास्थ्य सम्बन्धि सहि र सान्दर्भिक सुचनाहरू दिने, उनीहरूको व्यबहार परिबर्तनलाई सहयोग गर्नुको साथै उनीहरूलाई स्वास्थ्य प्रजनन् स्वास्थ्य सम्बन्धि निर्णय लिन र त्यस्तो निर्णय कार्यन्वयन गर्नको लागि समाजमा रहेक बिधमान मूल्य मान्यताहरूले सृजना गरेका असहजताको स्थितिलाई बदल्न उनीहरूका अभिभावक, शिक्षक, समुदायमा ब्यक्तीहरूलाई सुसूचित गर्नु।
- प्रभावकारी रूपमा किशोर किशोरीमैत्री स्वास्थ्य सेवा तथा उत्पादनको को पहुँच र उपयोगको लागि बिद्यमान सेवा तथा प्रणालीमा भएका समस्याहरूलाई पहिचान गरी त्यसलाई समाधान गर्दै किशोर किशोरीहरूको लागि गुणस्तरिय परिवार योजना र प्रजनन् स्वास्थ्य सेवाको उपलब्धता र पहुँचलाई सुधार गर्ने।
- सार्वजनिक र निजी क्षेत्रहरू मार्फत किशोरकिशोरी प्रजनन स्वास्थ्यलाई सम्बोधन गर्न सफल प्रमाणित भएको तथ्यमा आधारित कार्यक्रमको अवधारणा तथा संयन्त्रहरूलाई संस्थागत गर्ने र विस्तार गर्ने।

किशोरकिशोरीहरूको प्रजनन स्वास्थ्यसम्बन्धी ज्ञान अभिवृद्धि गर्नु अत्यावश्यक छ, जसले उनीहरूलाई स्वस्थ निर्णय लिन सघाउँछ। यस परियोजनाबाट, प्रजनन स्वास्थ्यको प्रभावकारी सन्देश पुऱ्याउन निम्न माध्यमहरू प्रयोग भएका छन्:

**अन्तरव्यक्तिगत सञ्चार:** तालिम प्राप्त स्वास्थ्यकर्मी तथा नजिकको साथीहरूबाट किशोरकिशोरीलाई व्यक्तिगत रूपमा प्रजनन स्वास्थ्यसम्बन्धी जानकारी प्रदान गरिन्छ। जसले उनीहरूलाई हानिकारक मूल्यमान्यताहरू परिवर्तन गर्न र स्वस्थ व्यवहार अपनाउन सघाउँदछ। किशोरकिशोरी मैत्री सेवाको पहुँच वृद्धि गर्न र सम्मानजनक हेरचाह सुनिश्चित गर्न यो रणनीतिले लक्षित व्यवहार परिवर्तन क्रियाकलापहरूमा ध्यान केन्द्रित गरेको छ।

समूहमा आधारित र सामुदायिक संवाद: किशोरकिशोरीहरूलाई सामाजिक मूल्यमान्यताहरू विश्लेषण गर्दै, आफ्नो सपना र आकांक्षा पूरा गर्न सशक्त बनाइन्छ। हानिकारक सामाजिक मान्यताहरूलाई चुनौती दिँदै, उनीहरूलाई सुसूचित र जिम्मेवार निर्णय गर्न सक्षम बनाइन्छ। यो प्रक्रिया विवाहित तथा किशोरी आमाहरू, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, र अशक्त किशोर किशोरीहरूको समूहमा पनि लागू गरिन्छ। सामाजिक मान्यतामा परिवर्तन ल्याउन र परिवार योजना तथा प्रजनन् स्वास्थ्य शिक्षामा सुधार गर्न सामाजिक विश्लेषण र कार्य पद्धतिहरूको प्रयोग गरिन्छ, जसले समावेशी र प्रभावकारी सञ्चार र सशक्तीकरणलाई प्रोत्साहित गर्दछ।

**सामुदायिक परिचालन:** अभिभावक, समुदाय र धार्मिक अगुवाहरू जस्ता प्रमुख प्रभावशाली व्यक्तिहरूलाई समूह संवाद र अन्तरपुस्ता संवादमार्फत स्वस्थ प्रजनन व्यवहार प्रोत्साहन गर्न समावेश गरिन्छ। किशोरकिशोरी समूहले प्रजनन स्वास्थ्यसम्बन्धी स्रोतहरूको पहुँच र नीतिगत सुधारका लागि पहल गर्दै हानिकारक सामाजिक मान्यताहरूलाई परिवर्तन गर्न सामुदायिक अभियानको नेतृत्व गर्नेछन्।

आमसञ्चार तथा सामाजिक सञ्जालको प्रयोग स् किशोरकिशोरी प्रजनन स्वास्थ्य सम्बन्धी सन्देश फैलाउन स्थानीय प्रभावशाली व्यक्तिहरू, आमसञ्चार माध्यमहरू, फेसबुक, इन्स्टाग्राम, र यूट्यूब जस्ता सामाजिक सञ्जालहरूको उपयोग गरिन्छ। यस प्रकारका प्रयासले सकारात्मक व्यवहार प्रवर्द्धन गर्दै गलत धारणालाई चुनौती दिनु र आम समुदायसम्म पुग्नु हो।

उल्लेखित बँदाहरूको आधारमा परियोजनाको मुख्य प्राथमिकता भनेको किशोरकिशोरीहरूलाई प्रजजन स्वास्थ्यको बारेमा रोचक ढंगबाट सुसूचित गराउनु हो, जसले गर्दा उनीहरूले छिटो र सजिलै विषयबस्तुको बारेमा सिक्न सक्छन्। समयअनुसार डिजिटल सामग्री आजभोलि एक महत्वपुर्ण माध्यम बनेका छन्। यसर्थ हावर्ड डेलाफिल्ड इन्टरनेसनलले यस परियोजनामा संलग्न भई किशोर किशोरीहरूको लागि विभिन्न डिजिटल सिकाइ सामग्रीहरू तयार गरेको छ।

खासगरी ग्रामिण र दुर्गम क्षेत्रमा सूचना तथा सेवाको पहुँच सीमित हुने भएकाले नेपालमा डिजिटल सशक्तीकरणमा ध्यान दिनु महत्वपूर्ण छ। किशोरकिशोरीलाई उनीहरूको प्रजनन स्वास्थ्यबारे सुसूचित निर्णय लिन आवश्यक स्रोतसामग्रीहरू प्रदान गर्दै युएसएआइडी एडोलेसेन्ट रिप्रडक्टिभ हेल्थ परियोजनाले राष्ट्रको लागि उज्ज्वल तथा स्वस्थ भविष्य सिर्जना गर्न मद्दत गरिरहेको छ। यसका अतिरिक्त, कथाको पात्र बनेर खेलिने अन्तर्क्रियात्मक खेल, वेब पोर्टल, र भर्चुअल इन्फ्लुएन्सर अभियान जस्ता डिजिटल क्रियाकलापहरू पनि प्रयोग गरिनेछ।

-kikikuka.com **वेब पोर्टल:** यो बृहत वेब पोर्टलले सुरक्षा, सम्बन्ध, यौन, भविष्य, र जीवनशैलीसम्बन्धी जानकारी प्रदान गर्दै किशोरकिशोरीलाई परामर्श, सेवा प्रदायक संस्थाहरू र मैत्रीपूर्ण सेवाबारे सचेत गराउँछ। सुलभ र सान्दर्भिक जानकारीमार्फत, यो पोर्टलले किशोरकिशोरीलाई सुसूचित निर्णय गरी आफ्नो जीवनमा सकारात्मक प्रभाव पार्न सशक्त बनाउँछ।

- **गर्ल्स होस्टल अन्तक्रियात्मक मोबाइल गेम:** खेलको रचनात्मक उपयोगले शिक्षा र सशक्तिकरणलाई प्रभावकारी बनाउदछ। 'गर्ल्स होस्टल' खेल एक भर्चुअल संसार हो, जहाँ किशोर किशोरीले वास्तविक जीवनका परिस्थितिहरू अनुभव गर्न, निर्णय लिने अभ्यास गर्न र परिवार योजना तथा प्रजनन् स्वास्थ्यबारे आफ्नो ज्ञान बढाउन सक्छन्। आकर्षक खेल संरचनाबाट आत्मविश्वास निर्माण गर्दै स्वस्थ व्यवहार प्रोत्साहित गर्न खेल तयार गरिएको छ।

-thatgirlekta **भर्चुअल इन्फ्लुएन्सर:** फेसबुक, इन्स्टाग्राम, र यूट्यूब जस्ता सामाजिक सञ्जालहरूमा चलाइएका यी अभियानहरूले भर्चुअल इन्फ्लुएन्सरहरूको लोकप्रियतालाई उपयोग गर्दै परिवार योजना र प्रजनन् स्वास्थ्यको सन्देशलाई प्रभावकारी रूपमा प्रसारित गर्न प्रयास गरेका छन्।


# नगरौं विवाहका कुरा: भएको छैन बीस वर्ष पुरा




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ। बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं। बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं।

"सानै छु बढन देउ, विवाह हैन पढन देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर



# थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं। सड्ने फोहरलाई मल बनाऔं। नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं। ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं। विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं।
- समयमै कर तिरौं। सभ्य नागरिकको परिचय दिऔं।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर


## चाडपर्वमा उपभोक्ता... .. .

गर्दै लानुपर्ने आवश्यकता देखिएको छ। यसैगरी उपभोक्ता अधिकार सम्बन्धित जानकारीमूलक सूचनाहरू रेडियो, टेलिभिजन, पत्रपत्रिकाका साथै विभिन्न सामाजिक सञ्जालको माध्यमबाट सम्बन्धित उपभोक्तामा पुर्याउन प्रयास गर्नुपर्नेछ।

सरकारले उचित तवरले बजार अनुगमन गर्नुपर्ने र यस क्रममा भेटिएका प्रमाणबाट गुण र दोषका आधारमा सम्मान र सजायको व्यवस्था गरी सुशासनको पालना गरेको खण्डमा दसैं, तिहारजस्ता ठूला चाडपर्वमा समेत उपभोक्ताको अधिकार संरक्षण भएको अनुभव गर्न सकिने देखिन्छ।

# मनहरीमा उत्पादित दुधको जिम्मा पालिकाले लियो




◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिकाका दूग्ध उत्पादक किसानले अब गाउँपालिका कार्यालय मार्फत दूध बिक्री गर्ने अवसर पाएका छन् । पालिका सरकारले आउँदो १ कात्तिकबाट यस्तो कामको शुरूवात गरेको हो । पालिकाको पशुपन्छी विकास शाखाका अनुसार अब किसानहरूले गाउँपालिकामार्फत दूध बिक्री गर्ने छन् । मनहरीका किसानहरूले यसअघि जिल्ला दुग्ध उत्पादक सहकारी संघ, मकवानपुरलाई दूध बिक्री गर्दै आएका थिए । जिल्ला संघले सरकारी स्वामित्वको दुग्ध विकास संस्थान र निजी दुग्ध उद्योगहरूलाई बिक्री गर्दै आएको थियो ।

जिल्ला संघबाट दूध बिक्री गर्दा भुक्तानी लामो समयसम्म रोकिएको गुनासोपछि गाउँपालिकाले आफैं किसानबाट उत्पादित दूधको जिम्मा लिएको हो । मनहरीका ६ वटा दुग्ध सहकारीमा एक हजार ४०० जना दुग्ध उत्पादक किसान आवद्ध रहेको शाखाले जनाएको छ । १ नम्बर वडामा क्षितिज दुग्ध उत्पादक सहकारी संस्था, ३ नम्बर वडामा चुरियामाई महिला जीवन वातावरण स्वाबलम्बन बहुद्देश्यीय सहकारी संस्था, नमूना कृषक बहुउद्देश्यीय सहकारी संस्था र साना किसान सहकारी संस्था, ७ र ८ नम्बर वडा कार्य क्षेत्र भएको साना किसान सहकारी तथा ६ नम्बर वडामा संयुक्त जनजागृति दुग्ध उत्पादक सहकारी संस्था छन् ।

गत आार्थिक वर्ष २०८०/८१ को तथ्यांकअनुसार यी ६ वटा सहकारीबाट वार्षिक २१ लाख ६५ हजार ६ सय ७ लिटर दूध उत्पादन भएको छ । दैनिक सरदर ६ हजारभन्दा बढी दूध उत्पादन हुने गरेको जनाइएको छ । गाउँपालिकाका पशुपन्छी शाखा प्रमुख डा. प्रदीप बर्तौलाले सहकारीमा आबद्ध किसानको मात्रै दूध खरिद गर्ने बताए । गाउँपालिकामा सहकारी बाहिरबाट आफ्नै तरिकाले दूध बिक्री गरिरहेका किसान पनि छन् ।

गाउँपालिकाले हेटौंडा उपमहानगरपालिका–१९ नेवारपानीमा अवस्थित हेटौंडा डेरी इण्डष्ट्रिज प्रालीसँग मंगलबार दूध खरिदबिक्रीका लागि सम्झौता गरेको छ । सम्झौतामा गाउँपालिका अध्यक्ष कालाखेती र उद्योगका महाप्रबन्धक उदयराज पण्डितले हस्ताक्षर गरेका छन् । गाउँपालिका केन्द्र रजैयाबाट हेटौंडा डेरी उद्योग करिब एक किलोमिटरको दुरीमा छ । सम्झौतामा दूधको गुणस्तरअनुसार मूल्य निर्धारण गरेर भुक्तानीको व्यवस्था गर्ने, भुक्तानीमा ढिलाइ भएमा उद्योग पक्षले तिर्नुपर्ने जरिवानालगायतको विषय समेटिएको छ ।

गाउँपालिकाले कृषकहरूलाई दूध बिक्री वापतको भुक्तानी १५/१५ दिनमा गर्ने सुनिश्चितता पनि गरेको गाउँपालिका अध्यक्ष तथा कृषि उपज संकलन तथा बिक्री सेवा केन्द्र संयोजक रञ्जन कालाखेतीले जानकारी दिए । ‘हामी अब कृषकसँग दूध खरिद गर्छौं, हामी नै डेरीलाई दूध बिक्री गरेर कृषकलाई आधा–आधा महिनामा भुक्तानी दिन्छौं,’–उनले भने ।

कृषकहरूले दुःख गरेर उत्पादन गरेको दूधको मूल्य समयमै नपाएको कारण गाउँपालिकाले नै यसको जिम्मा लिएको अध्यक्ष कालाखेती बताउँछन् । ‘दिनरात घाँसदाउरा गरेर कृषकले यति दुःखका साथ दूध उत्पादन गरेको हुन्छ । त्यसको पैसा उनीहरूले लामो समयसम्म पनि नपाउँदा स्थानीय सरकारले कृषकको दूधको जिम्मा लिनुपरेको हो,’ उनले सुनाए । कालाखेतीले कृषकहरूले अब दूधको भुक्तानीको विषयमा कुनै चिन्ता लिनु नपर्ने बताए । गाउँपालिका र कृषकबीच सम्झौता भएपछि ‘मिल्क होलिडे’को समस्या पनि नहुने अध्यक्ष कालाखेतीको दाबी छ । प्राकृतिक प्रकोप, महामारी, बन्द हड्तालबाहेक दशैंको तीन दिन र दीपावलीको दुई दिन दूध खरिदबिक्री बन्द हुने जनाइएको छ ।

मनहरी–३ हाँडिखोलास्थित चुरियामाई महिला जीवन वातावरण स्वाबलम्बन बहुद्देश्यीय सहकारीका अध्यक्ष अनिल पुडासैनीले गाउँपालिकासँगको सम्झौतापछि किसानहरू खुशी भएको प्रतिक्रिया दिए । दूधको भुक्तानी रोकिँदा तनावमा रहेका किसानलाई गाउँपालिकाको प्रतिबद्धताले आशा जगाएको उनले सुनाए ।

‘हामीले विश्वास गरेर गाउँपालिकासँग सम्झौता गरेका छौं । गाउँपालिकाले यसलाई निरन्तर अगाडि बढाउनुपर्छ,’ उनले भने । पुडासैनीले भुक्तानी नियमित भए मात्रै पनि किसानहरूको पलायन रोकिनेमा विश्वस्त भए । दूध बिक्री वापत्को रकम नपाउँदा मनहरीका धेरै किसान कृषि पेशाबाट पलायनको तरखरमा रहेको उनले बताए । पशुपन्छी शाखा प्रमुख डा. बर्तौलाले मनहरीका धेरै किसानको ३ देखि चार महिनासम्मको दूधको भुक्तानी अझै आउन बाँकी रहेको बताए । उनले हेटौंडा डेरी उद्योगले भुक्तानीमा ढिलाइ गरे पनि गाउँपालिकाले किसानलाई अग्रिम भुक्तानी दिने उल्लेख गरे । कृषि उपज संकलन तथा बिक्री सेवा केन्द्रबाट १५ दिनमा भुक्तानीको व्यवस्था हुने र उद्योगबाट महिना बितेपछि प्राप्त हुने रकम केन्द्रमा जम्मा हुने उनको भनाई छ ।

यसैबीच गाउँपालिका र हेटौंडा डेरीबीचको सम्झौतामा गुणस्तर कायम रहेको दूध मात्रै खरिद बिक्री हुने उल्लेख छ । तोकिएको न्युनतम गुणस्तर कायम नभए दूध खरिद नगरेमा वा फिर्ता गरेमा कुनै दाबी गर्न नपाइने जनाइएको छ । गाउँपालिका कार्यालय र दूध उद्योगबीच खरिदबिक्री सम्झौता भएको छ ।

सरकारी दररेटअनुसार नै खरिदबिक्री गरिने र सरकारले कच्चा दूधको मूल्य वृद्धि गरेमा गाउँपालिका र उद्योगबीच समझदारीमा मूल्य हेरफेर हुने उल्लेख छ । कच्चा दूधको ढुवानी सहकारीको दूध चिस्यान केन्द्रबाट चिसो भएको दूध उद्योगले नै गर्नेछ । दूधको ढुवानी गर्दा लाग्ने खर्च उद्योगले नै व्यहोर्नेछ । तातो दूधको हकमा भने गाउँपालिकाले उद्योगसम्म दूध ढुवानी गर्नेछ । तातो दूधको ढुवानी वापत उद्योगले १ रूपैयाँ तिर्नुपर्ने उल्लेख छ ।

गाउँपालिकाले बिक्री गरेको दूधको चलानी उद्योगलाई नियमित रूपमा उपलब्ध गराउने, गाउँपालिकाले हरेक महिनाको १५/१५ दिनको अवधिभरमा प्राप्त दूधको रसिदको विस्तृत विवरण उद्योगलाई पठाउनु पर्नेछ । उक्त विवरण उद्योग र गाउँपालिकाले पुनः रूजु गरि सकेपछि उद्योगले एक महिनाको एकमुष्ठ रकम भुक्तानी अर्को महिनाको ७ दिनभित्र गरिसक्नुपर्ने सम्झौता छ । भुक्तानीको अन्तिम समय अर्थात महिनाको पहिलो ७ दिन कटेमा उद्योगले गाउँपालिकालाई हर्जना स्वरूप कुल रकमको ०.५ प्रतिशतका दरले थप भुक्तानी गर्नुपर्ने पशुपन्छी विकास शाखा प्रमुख डा. बर्तौलाले जानकारी दिए ।

गाउँपालिका र उद्योगबीच २०८२ असार मसान्तसम्म सम्झौता लागु हुने जनाइएको छ ।

# इन्द्रसरोवरमा भएको बाढीको क्षतिका विषयमा छलफल



◆ विकास संवाददाता

मकवानपुर प्रतिनिधीसभा क्षेत्र नम्बर २ का सांसद महेश कुमार बर्तौलाले जिल्लाको इन्द्रसरोवर गाउँपालिकामा बाढी पहिरोबाट भएको क्षतिको विषयमा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री दीपक खड्कासंग भेटवार्ता गरेका छन् । भेटका क्रममा सांसद वर्तौलाले नेपाल विद्युत प्राधिकरणको गम्भीर कमजोरीका कारण तल्लो तटीय क्षेत्रमा ठूलो नोक्शानी भएको बताएका छन् ।

नेकपा एमालेका प्रमुख सचेतक समेत रहेका बर्तौलाले सो क्षेत्रको क्षतीका विषयमा तत्काल छानबीन तथा जाँचबुझ समिति गठन गर्न आग्रह गरेका छन् । बाढी पहिरोबाट भएको क्षति र नोक्सानी प्रति जवाफदेही भइ पीडितलाई आवश्यक क्षतिपूर्ति उपलब्ध गराउन, भत्केका भौतिक संरचना पुर्ननिर्माणमा भुमिका खेल्न, ड्यामको माथिल्लो र तल्लो तटिय क्षेत्रका जनताहरूलाई मुवाब्जा उपलब्ध गराउन समेत बर्तौलाले अनुरोध गरेका छन् । त्यसैगरी जोखिम कम गर्नका लागि तटबन्धन निर्माण गर्न, लामो समयदेखि ड्याममा जम्मा भएको माटो ढुङ्गाालगायत फोहोर सफा गर्न समेत ध्यानाकर्षण गराएको गराएका छन् । सो क्रममा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री खड्काले छानबिन समिति बनाई आवश्यक कार्य अगाडी बढाउने प्रतिवद्धता जनाएको सांसद बर्तौलाले जानकारी दिए ।

गत १२ असोज विहान कुलेखानी ड्यामलाई जोखिम भएको बताउँदै करिब ४/४ मिटर पानीको ढोका खोली निकासी गर्दा इन्द्रसरोबर गाँउपालिकामा ठुलो क्षति भएको छ ।

## थाहा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### इन्द्रायणी चौर, मकवानपुर

### उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुवाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीवाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# स्थानीय सरकार प्रमुखद्वारा दुर्गा भवानीको प्रसाद ग्रहण

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको पालुङमा स्थानीय सरकार प्रमुखहरूले वैद्धिक विधि अनुसार दुर्गा भवानीको प्रसाद ग्रहण गरेका छन् । ऐतिहाँसिक साँस्कृतिक शहर पालुङमा जमरासहित २६ असोज विहान टीका प्रसाद ग्रहण गरेका हुन् ।

थाहा नगरपालिका वडा नम्बर २ मा रहेको दशै घर भत्किएपछि वडा कार्यालयमै जमरा राखी फुलपाती भित्र्याइएको थियो । २६ असोजको दशैको टिका प्रसाद पनि वडा कार्यालयमै ग्रहण गर्ने कार्यत्रम तय भएको थियो । टिका प्रसाद ग्रहणका लागि थाहा नगरपालिकाका नगर उपप्रमुख भरत गोपाली पुगेका थिए । नगर प्रमुख विष्णु बहादुर विष्ट भने कार्यक्रममा उपस्थित नभएको इन्द्रायणी कालभैरब गुठी संस्क्षण समितिका अध्यक्ष श्यामभक्त श्रेष्ठले जानकारी दिए ।

ऐतिहाँसिक छुट्टै राज्यको रूपमा रहेको पालुङ शहरमा धेरै पहिले राज्य प्रमुखले स्थानीयहरूलाई टिका प्रसाद लगाइदिने परम्परा रहेको पनि पछिल्लो समय स्थानीय सरकार प्रमुखहरू आफै टिका प्रसाद ग्रहणका लागि पुग्ने गरेका छन् । उनीहरूले हाल सर्वसाधारणहरूलाई टिका भने लगाउने नगरिएको स्थानीय निरोज प्रधानले जानकारी दिए ।



# पालुङको दशै घर सुनसान, वडा कार्यालय खँचाखँच



◆ विकास संवाददाता

अन्य वर्षहरूमा जस्तो यस वर्षको फुलपातीको दिन पालुङको दशै घरमा भिडभाड देखिएन । मकवानपुर थाहा नगरपालिका वडा नम्बर २ मा रहेको दशै घर (कोत घर) मा यसै वर्ष परापूर्व कालदेखिको चलेको चलन पनि तोडिएको छ । अर्थात् दशै घरमा घटस्थापनाको दिन जमरा राखिएन, फुलपाती पनि भित्र्याइएन ।

थाहा नगरपालिकाको २ नम्बर वडा कार्यालय छेवैमा रहेको दशै घर जीर्ण भएको छ । वि.सं. २०७२ सालको भुकम्पले एक पाखो भत्किएको छ । बाँकी रहेको घरको आधा भागको पनि चुली खसेको छ । भवन जीर्ण भएपछि यस वर्ष जमरा पनि दशै घरमा राखिएको छैन । दशै घरमा पुजा चलाउनै नसकिने गरी जोखिम भएपछि २ नम्बर वडा कार्यालयमै जमरा राखिएको छ, फुलपाती पनि वडा कार्यालयमै भित्र्याइएको छ ।



२४ असोजमा परेको फुलपातीका दिन फुलपाती भित्र्याउँदा दशै घर सुनसान देखिन्थ्यो भने, वडा कार्यालय खँचाखँच थियो । मकवानपुरको आग्राबाट फुलपाती ल्याएर २४ असोजमा वडा कार्यालयमा भित्र्याइएको छ । दशै घर जीर्ण भएकोले वडा कार्यालयमै फुलपाती भित्र्यायएको इन्द्रायणी कालाभैरव गुठी संरक्षण समितिका अध्यक्ष श्यामभक्त श्रेष्ठले जानकारी दिए । 'आग्राको चल्तीबाट ल्याएको फुलपाती परम्परा अनुसार दशै घरमा भित्र्याउने परम्परा हो', अध्यक्ष श्रेष्ठले भने–'भवन जीर्ण छ, त्यसैले वडा कार्यालयमा भित्र्यायौं ।'

थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्टको विशेष उपस्थितीमा अन्य जनप्रतिनीधि तथा अतिथीहरूको उपस्थितीमा भएको फुलपाती भित्र्याउने कार्यक्रममा इलाका प्रहरी कार्यालय पालुङले शुभ साइतमा बढाई समेत गरेको थियो । आग्राको चल्तीबाट अर्यालहरूले पालुङको मत्स्यनारायणसम्म बेलपत्र सहितको फुलपाती ल्याउने र त्यहाँबाट स्थानीय मगर, नेवार, भुजेल, ब्राम्हण सहितको सातजना कर्ताहरूले पालुङको फुलपाती चौरसम्म बाजागाजा सहित ल्याउने परम्परा छ । डोलीमा राखेर हर्षोल्लासका साथ ल्याइने फलुपातीले थाहानगरमा दशैं आएको संकेत



गर्दछ । दशैमा मात्र प्रयोगमा आउने पालुङको खोला किनारामा रहेको उक्त चौरलाई सबैले फुलपाती चौरको नामले चिन्छन् ।

फुलपाती चौरमा ल्याइएको फुलपातीलाई पुजाविधि अनुसार शुभ साइतमा बली सहित बढाई गरेपछि फुलपाती भित्र्याउने पुरानो चलन हो । शुभ साइतको बढाईको कार्यक्रमलाई इलाका प्रहरी कार्यालय पालुङका प्रहरी निरीक्षक सविन बाबु अर्यालले संयोजन गरेका थिए । परापूर्व कालदेखिदेखि नै संचालन हुँदै आएको परम्परा तत्कालिन प्रधानपञ्चको नेतृत्वमा हुँदै आएको भए पनि थाहा नगरपालिकाले सहयोग गर्दै आएको छ ।

पालुङ स्थित दशै घरमा फुलपाती भित्र्याएपछि मात्र घर–घरमा लगि भित्र्याउने परम्परा छ । यसपालि भने वडा कार्यालयमा भित्र्याएपछि सो फुलपाती स्थानीय गुठीहरू, स्थानीय सरकारका प्रमुखलगायत स्थानीयहरूले भित्र्याएका छन् । कार्यक्रममा थाहानगर प्रमुख विष्णु बहादुर विष्ट, २ नम्बर वडाध्यक्ष बम बहादुर सिन्तान, वडा सदस्यहरू, पूर्व वडाध्यक्ष गुप्त बहादुर कार्की लगायत स्थानीयहरू फुलपाती लिन वडा कार्यालय पुगेका थिए ।

थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।

- जन्म, मृत्यू, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णायिकमा बालबालिका सहभागीता थपौं ।
- बालवालिकाको पालपोशण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालवालिकाले शिक्षा पाउनु उनिहरको नैसर्गिक अधिकार हो, त्यसैले बिद्यालय भर्ना गर्न उमेर पुगेका आफ्ना नानिबाबुहरुलाई समयमै विद्यालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्यूदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००

## चार गाउँको ....

उक्त जाँड र 'कक बजी' प्रसादको रूपमा खाएमा पेटका रोग निर्मुल हुने जनविश्वास छ ।

किम्बदन्ती अनुसार हालको थानकोटलाई प्राचिन कालमा शोणितपूर भनिन्थ्यो । त्यहा राजा बाणासुर ले राज्य गर्दथे । एक दिन शिकार खेल्न राजपरिवार र सेनाहरू चन्दागिरी जंगल हुदै बिसिङखेलको वनमा आइपुगेको स्थानिय बासिन्दा बताउँछन् । उक्त वनको एउटा रूखमा फूलिरहेको चापको फूल राजकुमारीले देखेपछि उनी लोभिएको र उक्त फूल टिपेर ल्याउन अनुरोध गरिएको स्थानिय बुढापाकाहरू बताउँछन् ।

कथाअनुसार फूलको रूखको फेदबाट हेर्दा फूल देखिने र टुप्पोमा पुग्दा हराउने गरेपछि राजालाई साह्रै रिस उठेछ । त्यसपछि कलाँटु गाँउका काठका काम गर्ने ब्यक्तिहरूलाई बोलाएर उक्त रूख काट्न आदेश दिएछन् । रूख काट्दा रगत आएको र एउटा ज्योर्तीलङ पैदा भएपछि कलाँटुका गमालहरूले उक्त लिङ्ग आफ्नो गाँउमा लगेर राखेछन् । तर त्यो रात गाँउमा कुखुराको भाले नबासेपछि केहि अनिष्ट भयो भन्ठानेर गाँउलेमा चिन्ता बढेछ । क्षमापुजा गरेपछि आकाशवाणी भएर 'सोभा जाती गोपाली बस्ने टौखेलमा मलाई लगेर राख्नु' भनेपछि अझैपनि जात्राको दिन टौखेलबाट शिवलिङ्ग ल्याउने र जात्रा सकिएपछि फिर्ता लैजाने प्रचलन रहेको छ । अहिले पनि चाँपको रूखको ठुटो हालसम्म मन्दिरमै छ ।

# कारागारलाई पालिकाको खसी र खाद्यन्न



◆ विकास संवाददाता

मकवानपुरको कैलाश गाउँपालिकाले विजयादशमीको उपलक्ष्यमा मकवानपुरको भीमफेदीस्थित कारागारका कैदीबन्दीहरूलाई खसी र खाद्यान्न उपलब्ध गराएको छ ।

पालिकाका अध्यक्ष लोकबहादुर मुक्तान, वडा नम्वर १ का वडाध्यक्ष तेजबहादुर ब्लोन, वडा नम्वर ७ का वडाध्यक्ष उदास कुमार भोलन, लेखा अधिकृत नवीन धितालले मंगलबार कारागार भीमफेदी पुगेर कैदीबन्दीहरूलाई दसैं मनाउन दुई वटा खसी, ६ बोरा चिउरा र २ कार्टुन तेल हस्तान्तरण गरेका हुन् ।

अध्यक्ष मुक्तानले कारागारमा रहे पनि नेपालीहरूको ठुलो पर्व दसैंमा शुभकामना आदानप्रदानसँगै भ्रातृत्वको सम्बन्ध स्थापित गर्न खसी र खाद्यान्न उपलब्ध गराइएको बताए । सो अवसरमा कारागार पुगेको जनप्रतिनिधि र कर्मचारीको टोलीले कैलाश गाउँपालिका घर भएका कारागारमा रहेका कैदीबन्दीसँग शुभकामना आदानप्रदान गरेका थिए ।

दुई वटा पुरूष ब्लक र एउटा महिला ब्लक रहेको कारागारमा एक हजार ४४ पुरूष, ४८ महिला कैदीबन्दी र एक जना आश्रित नाबालक छन् ।

'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'

**थाहा नगरपालिका**

**कृषि विकास शाखाको सूचना !**

प्रथम पटक सूचना प्रकाशित मिति २०८१।०६।०५

यस थाहा नगरपालिका कृषि विकास शाखा ईन्द्रायणी चौर मकवानपुरको आ.व. २०८१/८२ स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कृषि सामाग्री ५०% अनुदानमा वितरण गर्ने कार्यक्रम रहेको हुँदा आवश्यक कागजात सहित सूचना प्रकाशित मितिले ३० दिन (दशैं बिदा ५ दिन बाहेक) मिति २०८१/०७/१३ गतेसम्म थाहा नगरपालिका भित्रका इच्छुक कृषक समुह, कृषि सहकारी र कृषि फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

१. मल्चिङ प्लाष्टिक ३० माइक्रोन १.२x४०० मि. (तौल १४.४ के.जी.)

**आवश्यक कागजातहरू:**

१. निवेदन -१ प्रति लेटरहेडमा (अध्यक्ष वा प्रोपाइटरको नाम, मोबाइल नम्बर र समुह/सहकारी/फर्मको पान नं. अनिवार्य)
२. कृषक समुह/कृषि सहकारी/कृषि फर्मको दर्ता प्रमाणपत्रको दुबै तिर देखिने गरी प्रतिलिपि- १ प्रति
३. कृषक समुह/कृषि सहकारीको बैठकको निर्णय प्रतिलिपि- १ प्रति
४. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि- १ प्रति
५. पान दर्ता प्रमाणपत्रको प्रतिलिपि- १ प्रति

अन्य जानकारीको लागि: मो.नं. ९८४५१०३३४१/९८४५०७२२०० वा इमेल adsthahamun@gmail.com मा सम्पर्क गर्न सकिने छ ।

# मनहरीमा अपाङ्गता भएका व्यक्तिहरुलाई दशैंको निर्वाह भत्ता



◆ विकास संवाददाता

मनहरी गाउँपालिकाले आंशिक अपाङ्गता भएका व्यक्तिहरूलाई दशैंको अवसरमा निर्वाह भत्ता वितरण गरेको छ । हिन्दुहरूको महान पर्व विजया दशमीको शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गरी मङ्गलबार गाउँपालिकाले निर्वाह भत्ता वितरण गरेको हो ।

पूर्ण अपाङ्गता भएका मानिसलाई केन्द्र सरकारले मासिक रूपमा सामाजिक सुरक्षा भत्ता दिएपनि आंशिकको हकमा स्थानीय सरकारले अभिभावकत्व गर्नु पर्ने भन्दै यो कार्यक्रम राखिएको गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतिले जानकारी दिए । 'आंशिक अपाङ्गता भएका मानिस भनिएपनि कोही पेशाव्यवसाय गर्न असक्षम हुन्छन् अध्यक्ष कालाखेतिले भने 'चाडपर्वमा उनीहरूलाई पनि केही राहत मिलोस् भनी यो कार्यक्रम ल्याइएको हो' ।

गाउँपालिकाले ७८ जना पहेलो कार्ड प्राप्त आंशिक अपाङ्गता भएका व्यक्तिहरूलाई रू ५ हजार ३ सयको दरले निर्वाह भत्ता वितरण गरेको हो ।

**धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवनको असर !**

- दम, निमोनिया, ब्रोन्काइटिसजस्ता श्वासप्रश्वास सम्बन्धी समस्या देखा पर्ने,
- बारम्बार रुघाखोकी लाग्ने,
- कानको संक्रमण भई श्रवण शक्ति कम हुने,

*क्यान्सरको संभावना बढ्ने भएकोले धूम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन पनि नगरौं, अरुलाई पनि गर्नबाट निरुत्साहित गरौं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**बाल विवाह नगरौं**

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

**थाहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी